# चिङ्गाड गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १० संख्या : ७ पुङखेत, सुर्खेत मिति :२०८३।०६।०७

## भाग-१

चिङ्गाड गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## पुङखेत, सुर्खेत

### सूचना

चिङ्गाड गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### चिङ्गाड गाउँपालिका शिक्षा सम्बन्धी ऐन, २०८३

सम्बत् २०८३ सालको ऐन नं. ७

गाउँ सभाबाट स्वीकृत मितिः २०८३।०६।०६

प्रमाणीकरण मितिः २०८३।०६।०७

प्रस्तावनाः नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षासम्बन्धी मौलिक हक सुनिश्चित गर्दै गुणस्तरीय, समतामूलक, समावेशी, जीवनोपयोगी, व्यावसायिक तथा प्रविधिमैत्री शिक्षाको विकास गर्न, स्थानीय आवश्यकता, भाषा, संस्कृति, ज्ञान, सीप तथा प्रविधिको संरक्षण र प्रवर्द्धन गर्दै शिक्षामा सबैको सहज पहुँच र समान अवसर सुनिश्चित गर्न, विद्यालय शिक्षाको व्यवस्थापन, सञ्चालन, नियमन, अनुगमन तथा गुणस्तर अभिवृद्धिलाई प्रभावकारी बनाई शैक्षिक सुशासन, उत्तरदायित्व र सहभागिता सुदृढ गर्न, संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य कायम गर्दै चिङ्गाड गाउँपालिकाको शैक्षिक विकासलाई योजनाबद्ध, दिगो र परिणाममुखी बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१

## संक्षिप्त नाम र प्रारम्भ

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम 'चिङ्गाड गाउँपालिकाको शिक्षा सम्बन्धी ऐन, २०८३' रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

२.परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "प्रारम्भिक बालशिक्षा" भन्नाले चार वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ।

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(घ) "विशेष शिक्षा" भन्नाले दृष्टिबिहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनुपर्छ।

(ङ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(च) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(छ) "विद्यालय शिक्षा" भन्नाले प्रारम्भिक बालविकास शिक्षा, आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्छ।

(ज) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न नौ कक्षादेखि बाह्र कक्षासम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ।

(झ) "शाखा प्रमुख" भन्नाले चिङ्गाड गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनुपर्छ।

(ञ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी अभिलेखमा जनिएको व्यक्तिलाई सम्झनुपर्छ, सो शब्दले विद्यार्थीका वुवा, आमा, वाजे, बज्यै तथा अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(ट) "शिक्षक" भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त शिक्षक कर्मचारीलाई बुम्झनुपर्छ।

(ठ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको शिक्षक कर्मचारीलाई जनाउँछ।

(ड) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य जनशक्तिलाई सम्झनुपर्छ।

(ढ) "अनुमति" भन्नाले गाउँपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ण) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(त) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(थ) "आवासीय विद्यालय" भन्नाले गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति दिएको विद्यालयलाई जनाउँछ।

(द) "ट्युसन सेन्टर, कोचिङ सेन्टर, इन्स्टिच्युट र मन्टेश्वरी" भन्नाले गाउँपालिकाबाट तोकिएको मापदण्ड पूरा गरी ट्युसन सेन्टर, कोचिङ सेन्टर, इन्स्टिच्युट र मन्टेश्वरी सञ्चालनको लागि गाउँपालिकाबाट अनुमति लिएको शैक्षिक संस्थालाई जनाउँछ।

(ध) "गाउँपालिका" भन्नाले चिङ्गाड गाउँपालिकालाई सम्झनुपर्छ।

(न) "गाउँसभा" भन्नाले चिंङ्गाड गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(प) "गाउँ शिक्षा समिति" भन्नाले यस ऐनको दफा १२ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

(फ) "वडा शिक्षा समिति" भन्नाले यस ऐनको दफा १४ बमोजिम गठित समिति सम्झनुपर्दछ।

(ब) "विद्यालय समायोजन" भन्नाले दुई वा दुईभन्दा वढी विद्यालयलाई एउटै विद्यालयमा गाभ्ने प्रक्रियालाई सम्झनुपर्छ।

(भ) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको कक्षा ८ को अन्त्यमा हुने बार्षिक परीक्षालाई सम्झनुपर्छ।

(म) "प्रदेश मन्त्रालय" भन्नाले प्रादेशिक तहमा शिक्षा सम्बन्धी विषय हेर्ने विषयगत मन्त्रालयलाई सम्झनुपर्छ।

(य) "संघीय मन्त्रालय" भन्नाले सङ्घीय तहमा स्थापना भएको शिक्षा हेर्ने विषयगत मन्त्रालय सम्झनुपर्छ।

(र) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सोही मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.) र परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीनकार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायीरूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ।

(ल) "विद्यार्थी कल्याण" भन्नाले विद्यार्थी हितसँग सम्बन्धित कार्यलाई सम्झनु पर्छ।

(व) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेका नियमावली, निर्देशिका कार्यविधि र मापदण्डमा तोकिएको सम्झनुपर्छ।

(श) "अध्यक्ष" भन्नाले चिङ्गाड गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ष) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चिङ्गाड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

## परिच्छेद– २

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

३. माध्यमिक शिक्षाः (१) माध्यमिक शिक्षा कानून बमोजिम हुनेछ।

४. शिक्षाको माध्यमः (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम निम्नबमोजिम हुन सक्नेछ।

(क) आधारभूत कक्षा ५ सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ।

(ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सम्बन्धित भाषा हुनेछ।

५. विशेष शिक्षाः सङघीय कानुन बमोजिम हुने छ।

६. विद्यालयका प्रकारः (क) सामुदायिक विद्यालय, (ख) संस्थागत विद्यालय, (ग) गुठी विद्यालय

७. विद्यालय वर्गीकरणः (१) विद्यालयको वर्गीकरण देहायबमोजिम हुनेछ।

(क) 'क' वर्गको विद्यालय,

(ख) 'ख' वर्गको विद्यालय,

(ग) 'ग' वर्गको विद्यालय र

(घ) 'घ' वर्गको विद्यालय।

(२) उपदफा (१) बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयहरूले शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगाडि नै तोकिएको ढाँचामा विवरण भरी विद्यालय वर्गीकरणका लागि निवेदन दिन सक्नेछन् र शाखा प्रमुखको संयोजकत्वमा वडा शिक्षा समितिले तोकेको एक जना सदस्य र एक जना विज्ञको प्रतिनिधित्व हुने गरी गठित तीन सदस्यीय वर्गीकरण समितिले तोकिएको आधारमा वर्गीकरणको सिफारिस गर्नेछ।

८. विद्यालय सञ्चालन, अनुमति र समायोजनः (१) कुनै नेपाली नागरिक वा नेपाली समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरु हुनुभन्दा तीन महिना अगावै र पूर्वप्राथमिक विद्यालय तथा कक्षा थप गर्न चाहने विद्यालयहरूले शैक्षिक सत्र सुरु हुनुभुन्दा दुई महिना अगावै गाउँपालिकाको सम्बन्धित शाखा प्रमुख समक्ष अनमुतिका लागि निवदेन दिनपुर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शाखा प्रमुखबाट आवश्यक जाँचबुझ गरी विद्यालय खोल्न तथा कक्षा थप गर्ने अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समिति मार्फत गाउँ कार्यपालिकाको निर्णयवमोजिम अनुमति दिइनेछ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिका अध्यक्ष समक्ष निवेदन दिन सक्नेछन्।

(४) दफा ८ को अनुच्छेद (३) मा जे सुकै लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

(५) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नुपर्नेछ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आयव्ययको लेखा तोकिएबमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्नसक्ने छ तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा वडा शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको स्वीकृति लिनुपर्ने छ।

(६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा आधारभूत र माध्यमिक तहको हकमा गाउँ शिक्षा समितिबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने सर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(८) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन।

(९) विद्यालय खोल्ने अनुमति दिँदा विद्यालय सञ्चालनको सुरक्षण वापत सामुदायिक विद्यालयको निःशुल्क र संस्थागत विद्यालयको हकमा आधारभूत तहमा पाँच लाख र माध्यमिक तह भए दश लाख धरौटी राख्नुपर्नेछ।

(१०) विद्यालय सञ्चालन तोकिएबमोजिम हुनेछ।

९. प्रारम्भिक बाल शिक्षाको मन्टेश्वरी कक्षा सञ्चालन तथा व्यवस्थापनः प्रारम्भिक बाल शिक्षाको मन्टेश्वरी कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

१०. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ। यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय, वाचनालय र ई– वाचनालय सञ्चालन गर्न सकिनेछ।

११. विद्यालय एक स्थानबाट अर्को स्थानमा सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्नः विद्यालय एक स्थानबाट अर्को स्थानमा सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्ने प्रक्रिया तोकिएबमोजिम हुनेछ।

(२) संस्थागत विद्यालयहरूले एक स्थानबाट अर्को स्थानमा ठाँउ सारी गर्दा आफ्नो घरजग्गा भएको प्रमाण सहित ठाँउ सारीका लागि वडा कार्यालयको सिफारिस सहित गाउँ शिक्षा समिति समक्ष निवेदन दिनुपर्ने छ। यसरी प्राप्त भएको निवेदन उपर छानबिन गर्दा प्रक्रिया पूरा गरी आएमा ठाँउसारी प्रक्रिया अघि बढाउन सकिनेछ र ठाँउ सारी गर्दा पैतीस दिने सूचना जारी गरी दावि बिरोध नभएमा मात्र ठाँउ सारी गरिनेछ। संस्थागत विद्यालयहरूले ५ वर्ष भित्र आफ्नो घर जग्गा नभए अनुमति रद्ध गर्न सकिनेछ र नयाँ संस्थागत विद्यालय खोल्न चाहेमा नजिकको विद्यालय भन्दा पाँच सय मिटर टाढाको दुरीमा खोल्नुपर्नेछ।

(३) विद्यालयको नाम परिवर्तन गर्नु परेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँ कार्यपालिकामा स्वीकृतिका लागि पेस गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम पेस हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ।

(५) कुनै विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन। माध्यमिक तहको हकमा रू. ५०,००,००० अक्षरेपीः पचास लाख रुपैयाँ र आधारभूत तहको हकमा रू. ३०,००,००० अक्षरेपीः तीस लाख रुपैयाँ प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न सकिनेछ। नयाँ स्थापना हुने विद्यालयको नाम नेपालीमा हुनुपर्नेछ र यस अघि अंग्रेजी शब्दमा नाम भई स्थापना भएका विद्यालयको नाम नेपाली पहिचान झल्किने गरी नाम राख्न प्रोत्साहन गरिनेछ।

१२. गाउँ शिक्षा समितिसम्बन्धी व्यवस्थाः (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरूको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहायबमोजिमको गाउँ शिक्षा समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको व्यक्ति –अध्यक्ष

(ख) गाउँ कार्यपालिका सदस्यहरू मध्येबाट कार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना –सदस्य

(ग) सम्बन्धित गाउँपालिका भित्रका सामुदायिक विद्यालयका अध्यक्षहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना –सदस्य

(घ) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना दलित र दुई जना महिला सहित तीन जना –सदस्य

(ङ) सम्बन्धित गाउँपालिका भित्रका सामुदायिक वा संस्थागत विद्यालयका प्रधानध्यापकहरू मध्येबाट गाउँशिक्षा समितिबाट मनोनित एक जना महिला सहित दुई जना – सदस्य

(च) गाउँपालिका स्थित विषेश शिक्षा समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालित विद्यालय वा अपाङ्गता सम्बन्धि शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(छ) गाउँपालिका शिक्षा शाखा प्रमुख – सदस्य सचिव

(१) गाउँ शिक्षा समितिको बैठकमा आवश्यकता अनुसार पदाधिकारी, कर्मचारी, दक्ष तथा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(२) नेपाल शिक्षक महासंघका प्रतिनिधिलाई गाउँ शिक्षा समितिको बैठकमा पर्यवेक्षकको रूपमा आमन्त्रित गर्न सकिनेछ।

(३) समितिका मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ।

(४) गाउँ शिक्षा समितिको निर्णय सर्व सहमतीमा गरिने छ तर कुनै विषयमा समिति सर्वसहमत हुन नसकेमा वहुमतको आधारमा निर्णय गर्न सकिनेछ।

(५) उपदफा (१) अनुसारका मनोनित सदस्यहरूले आफ्नो पदीय आचरण पूरा नगरेमा गाउँ शिक्षा समितिले जुनसुकै समयमा पनि हटाउन सक्नेछ तर त्यसरी हटाउन वा वर्खास्त गर्नुअघि मनासिव माफिकको स्पष्टीकरणको मौकाबाट वञ्चित गरिने छैन।

(६) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, कक्षा थप, तह थप, नाम परिवर्तन गर्ने, विद्यालय सार्ने, गाभ्ने, कोचिङ तथा ट्यूसन सेन्टरको अनुमतिका लागि कार्यपालिकामा सिफारिस गर्ने,

(ग) विद्यालयहरूलाई आर्थिक अनुदानसम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने,

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ङ) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरू स्वीकृतका कार्यपालिका समक्ष सिफारिस गर्ने।

(च) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(झ) गाउँपालिका भित्रका शिक्षा क्षेत्रमा भएका द्वन्द्वहरूको व्यवस्थापन गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मुल्याङ्कन गर्ने,

(ट) गुणस्तरीय शिक्षाको लागि अनुगमन तथा सुरिवेक्षणको प्रबन्ध गर्ने,

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापनका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ड) विद्यालयको वर्गीकरण गर्ने,

(ढ) शैक्षिक गुठीसँग सम्झौताका सर्तहरू निर्धारण गर्ने,

(ण) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाहीका लागि कार्यपालिकाको कार्यलयलाई सिफारिस गर्ने,

(त) विषय विशेषज्ञहरूको छनौट गरी (रोष्टर) सूची प्रकाशन गर्ने।

(थ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने,

(द) विद्यालय व्यवस्थापन समिति गठन गर्न सहजीकरण गर्ने,

(न) सामुदायिक सिकाइ केन्द्र सञ्चालनको नीति तर्जुमा,स्थापना र सञ्चालनका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने,

(प) आवश्यकता अनुसार विद्यार्थी कल्याण कोषको व्यवस्था गर्ने,

(फ) विद्यालयमा दरवन्दी मिलानको लागि कार्यपालिकामा सिफारिस गर्ने र विद्यार्थी शिक्षक अनुपात कायम गर्ने,

(ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेन्डर बनाई लागु गर्ने, गराउने,

(भ) शिक्षक तालिम नीति तर्जुमाका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने,

(म) गाउँ कार्यपालिकालाई गुणस्तरीय शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(य) शैक्षिक गुणस्तर अभिवृद्धि सम्वन्धी राय, सझुाव र गोष्ठीहरूको आयाजेना गर्ने।

(र) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

१३. गाउँ शिक्षा समितिका अध्यक्षको काम, कर्तव्य र अधिकारः गाउँ शिक्षा समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) गाउँ शिक्षा समितिको अध्यक्षता गर्ने तथा समितिको बैठक बोलाउन निर्देशन दिने।

(ख) गाउँ शिक्षा समितिको बैठकको कार्यसूची तथा छलफलका विषय निर्धारण गर्न सदस्य– सचिवसँग समन्वय गर्ने।

(ग) गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा समितिको नेतृत्व गर्ने।

(घ) गाउँ शिक्षा समितिबाट भएका निर्णयहरूको कार्यान्वयनका लागि सम्बन्धित निकायलाई आवश्यक निर्देशन तथा समन्वय गर्ने।

(ङ) गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर, भौतिक अवस्था, शिक्षक तथा विद्यार्थीको अवस्था र शैक्षिक कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण गराउने।

(च) विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा अन्य सरोकारवालाबीच आवश्यक समन्वय कायम गर्ने।

(छ) शिक्षा शाखाबाट पेश भएका शैक्षिक योजना, कार्यक्रम तथा प्रतिवेदनमाथि आवश्यक छलफल गराई गाउँ शिक्षा समितिमा निर्णयका लागि पेश गर्न लगाउने।

(ज) विद्यालय सञ्चालन, स्थापना, समायोजन, गाभ्ने वा बन्द गर्ने लगायतका विषयमा ऐन तथा प्रचलित कानूनबमोजिम समितिबाट आवश्यक निर्णय वा सिफारिस गराउने।

(झ) शिक्षाको गुणस्तर सुधार, विद्यार्थीको पहुँच तथा निरन्तरता, समावेशी शिक्षा र बालमैत्री शैक्षिक वातावरणका लागि आवश्यक पहल तथा समन्वय गर्ने।

(ञ) गाउँ शिक्षा समितिको निर्णयअनुसार विद्यालय तथा शैक्षिक संस्थालाई आवश्यक निर्देशन, सुझाव तथा सहयोग उपलब्ध गराउने।

(ट) शिक्षा क्षेत्रमा उपलब्ध स्थानीय स्रोत, साधन तथा जनशक्तिको परिचालन गर्न आवश्यक समन्वय गर्ने।

(ठ) शिक्षक, विद्यार्थी तथा विद्यालयको कार्यसम्पादन सुधारका लागि प्रोत्साहन, पुरस्कार तथा क्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्न पहल गर्ने।

(ड) गाउँ शिक्षा समितिको बैठकमा मत बराबर भएमा प्रचलित कानूनबमोजिम निर्णायक मत दिने।

(ढ) शिक्षा सम्बन्धी आकस्मिक वा विशेष परिस्थितिमा शिक्षा शाखा, विद्यालय तथा सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक तत्कालीन व्यवस्था मिलाउने।

(ण) गाउँ शिक्षा समितिले प्रत्यायोजन गरेका अधिकार प्रयोग गरी कार्य गर्ने तथा आफूले गरेका कार्यको जानकारी समितिलाई गराउने।

(त) गाउँ शिक्षा समितिको वार्षिक कार्यसम्पादनको समीक्षा गरी आवश्यक सुधारका लागि गाउँ कार्यपालिकामा सुझाव पेश गर्ने।

(थ) प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानूनबमोजिम गाउँ शिक्षा समितिको अध्यक्षले गर्नुपर्ने अन्य कार्य गर्ने।

१४. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) गाउँ कार्यपालिकाबाट स्वीकृत शिक्षा नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने।

(ख) शिक्षा शाखा तथा सम्बन्धित कर्मचारीको प्रशासनिक समन्वय तथा सुपरिवेक्षण गर्ने।

(ग) शिक्षा समितिका निर्णय कार्यान्वयनका लागि आवश्यक प्रशासनिक व्यवस्था मिलाउने।

(घ) शिक्षा सम्बन्धी प्रस्ताव कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउने।

(ङ) स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक प्रशासनिक प्रक्रिया अघि बढाउने।

(च) विद्यालय, शिक्षा शाखा र अन्य शाखाबीच समन्वय गर्ने।

(छ) प्रचलित कानूनबमोजिम शिक्षक तथा कर्मचारीसम्बन्धी प्रशासनिक कार्य गर्ने।

(ज) शिक्षा क्षेत्रको प्रगति, समस्या तथा वित्तीय र प्रशासनिक अवस्थाबारे कार्यपालिकालाई जानकारी गराउने।

(झ) शिक्षा शाखाबाट सम्पादन हुने कामको प्रशासनिक अनुगमन गर्ने।

(ञ) संघ, प्रदेश र स्थानीय तहबीच शिक्षा सम्बन्धी समन्वय गर्ने।

१५. शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकारः शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(१) गाउँस्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ गाउँ शिक्षा समितिमा पेस गर्ने,

(२) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(३) विद्यालय तथा शैक्षिक निकायहरूको अनगुमन तथा सुपरिवेक्षण गर्ने, गराउने,

(४) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक परामर्श दिने,

(५) शिक्षकहरूको कार्य सम्पादन मूल्याङकन तथा अभिलेखिकरण गर्ने

(६) आधारभूत तहका कक्षा ८ को अन्तिम तथा बाह्य परीक्षा सञ्चालनमा सहजीकरण गर्ने,

(७) सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको अभिलेख राख्ने,

(८) विद्यलयमा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गरे नगरको अनगुमन गर्ने,

(९) विद्यालयबाट प्राप्त भएका लेखा परीक्षकहरूको सूचीमध्ये एक जनालाई लेखापरीक्षकमा नियुक्त गर्ने,

(१०) विद्यालयमा शिक्षक अभिभावक संघ गठन गर्ने,गराउने,

(११) विद्यालयबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्ने,

(१२) शिक्षकको तलवी प्रतिवेदन स्वीकृतका लागि सिफारिस गर्ने,

(१३) विद्यालयको शैक्षिक कार्यक्रमको नियमित अनुगमन गर्ने, गराउने,

(१४) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,

(१५) शाखा प्रमुखको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१४. वडा शिक्षा समितिको गठनः (१) वडास्तरमा वडाको विद्यालय रेखदेख र व्यवस्थापन गर्न वडा शिक्षा समिति रहनेछ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष – अध्यक्ष

(ख) वडा समितिका सदस्यहरूमध्ये वडा समितिले तोकेको एकजना महिला सहित दुई जना – सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्ये वडा समितिले तोकेको एकजना –सदस्य

(घ) सामुदायिक वा संस्थागत विद्यालयका प्रधानाध्यापक मध्येबाट वडा शिक्षा समितिको संयोजकले तोकेको दुईजना – सदस्य

(ङ) वडाभित्रका शिक्षा प्रेमी मध्येबाट वडा समितिको संयोजकले तोकेको एकजना –सदस्य

(च) सम्बन्धित वडाको वडासचिव –सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

(क) वडा भित्रको शैक्षिक योजना तयार गरी कार्यान्वयन गर्ने,

(ख) वडा भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(घ) विद्यालयका लागि आवश्यक स्रोत साधन जुटाउने र परिचालन गर्ने, गराउने,

(ङ) वडाका विद्यालयहरूमा भएका द्वन्द्व व्यवस्थापन गर्ने,

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने र अनुगमनको क्रममा अनियमितता गरेमा कारवाहीको लागि सिफारिस गर्ने।

(छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(ज) वडाको शैक्षिक अभिवृद्धिका लागि आवश्यक कार्यहरू गर्ने,

(झ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न सिफारिस गर्ने,

(ञ) उत्कृष्ट कार्य गर्ने शिक्षक र कर्मचारीहरूलाई प्रोत्साहित गर्ने,

(ट) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठनमा सहयोग गर्ने,

(ठ) गाउँ शिक्षा समितिले तोकेबमोजिम अन्य कार्य गर्ने,

(ड) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्ने,

(ढ) वडाको गुणस्तरीय शिक्षा विकासका लागि गोष्ठी गर्ने।

१५. विद्यालय व्यवस्थापन समितिको गठनः (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

(क) विद्यालय रहेको वडाको वडा समितिले तोकेको सदस्य एकजना –सदस्य

(ख) अभिभावकले आफूमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना – सदस्य

(ग) विद्यालयका संस्थापक स्थानीय बुद्धिजीवी शिक्षा प्रेमी विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका वा दस लाख भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका एक जना महिला सहित दुईजना - सदस्य

(घ) शिक्षकहरूले आफू मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एकजना–सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक –सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा बालक्लवको प्रतिनिधिलाई आमन्त्रित सदस्यका रूपमा वैठकमा बोलाउन सकिनेछ।

(३) उपदफा (१) बमोजिम गठित समितिको पदावधि तीन वर्ष हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालय व्यवस्थापन समितिको पदावधि शैक्षिक सत्रलाई आधार मानेर गणना गरिनेछ।

(५) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरूको योग्यता प्रचलित संघीय कानूनले तोकेबमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) विद्यालय सञ्चालनका लागि प्राप्त स्रोत साधनको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी वडा र गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको युनिर्फम तोकी कार्यान्वयन गर्ने।

(छ) प्रचलित कानुनबमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षक पदका लागि योग्य उम्मेदवारलाई हाजिर गराई काममा लगाउने तथा गाउँपालिकाबाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने।

(ज) सम्बन्धित निकायबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने।

(झ) गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन वडा शिक्षा समिति र नगरशिक्षा समितिमा पेस गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित वडा शिक्षा समिति र गाउँशिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मूलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने,

(ड) तोकिएबमोजिम शिक्षक तथा कर्मचारीलाई विभागीय कारवाही गर्ने,

(ढ) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, सर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने

(ण) विद्यालय शिक्षा एकै शिक्षण अवधिमा सञ्चालन गर्न प्रबन्ध मिलाउने,

(त) आवश्यकताको आधारमा सल्लाहकार मनोनयन गर्ने,

(थ) विद्यालय शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावक आचारसंहिता बनाई लागु गर्ने,

(द) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(७) उपदफा (१) बमोजिमको समिति गठन गर्दा रिक्त रहेको मितिले १५ दिन भित्र समिति गठन गरि सक्नुपर्नेछ।

(८) उपदफा (१) बमोजिमको समिति गठन नहुँदासम्म विद्यालय प्रशासनले समितिको काम, कर्तव्य र अधिकार प्रयोग गर्नेछ।

१६. शिक्षक अभिभावक संघको गठनः (१) सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ।

(२) व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावक समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक– अभिभावक संघको कार्यकारी समिति गठन गर्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) उपनियम (२) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिम गठित शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालयलाई सहयाग गर्ने,

(ख) विद्यालयको सामाजिक परीक्षण गर्ने,

(ग) शैक्षिक गुणस्तर अभिबृद्धिका लागि सहयोग गर्ने,

(घ) विद्यालय भर्ना अभियान सञ्चालन गर्न विद्यालयलाई सहयोग गर्ने,

(ङ) तोकिएबमोजिमका अन्य कार्य गर्ने।

## परिच्छेद ३

## शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवा सर्त, योग्यता एवं सक्षमताको मापदण्ड

१७. शिक्षक कर्मचारीको दरवन्दी निर्धारण गर्नेः (१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरूमा आवश्यक पर्ने शिक्षक, कर्मचारी दरवन्दी निर्धारण तोकेबमोजिम हुनेछ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दरबन्दी सिर्जना भई नियुक्ति भएका शिक्षक र कर्मचारीको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ। यसरी नियुक्त भएका शिक्षक, कर्मचारीको सेवा सुविधा गाउँपालिकाले भुक्तानी गर्नेछ।

१८. शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमताः शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता तोकिएबमोजिम हुनेछ।

१९. स्थायी अध्यापन अनुमति पत्र लिनु पर्नेः अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन

२०. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः (१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले विभागीय कारवाहीको लागि वडा शिक्षा समिति मार्फत गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछ ।

(क) तोकिएबमोजिमको पदीय दायित्व पूरा नगरेमा,

(ख) बिनासूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेको वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेको प्रमाणित भएमा,

(च) शिक्षक र कर्मचारी कुनै पनि राजनीतिक दलको कुनै पनि तहको कार्य समितिको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन वर्षभित्रको औसत शैक्षिक उपलब्धी प्रतिशत राष्ट्रिय र प्रदेशको औसत स्तरभन्दा कम भएमा।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँ शिक्षा समितिले निजलाई विभागीय कारबाही गर्ने वा सम्बन्धित निकायमा सिफारिश गर्नेछ तर पदवाट हटाउनु अघि मनासिब माफिकको स्पष्टीकरणको मौका दिनुपर्नेछ।

२१. अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः(१) दफा २० मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक वा कर्मचारी अदालतको आदेश वा फैसलाबमोजिम सेवामा पुनः बहाली हुनसक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले सेवाबाट हटेदेखि पुनः बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सोसमेत पाउनेछ।

२२. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः दफा २१ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन।

२३. स्थायी आवासीय अनुमति लिन नहुनेः सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले कुनैपनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन

## परिच्छेद ४

## शिक्षक तथा कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम र वृत्ति विकास

२४. शिक्षक तथा कर्मचारीको नियुक्तिः (१) विद्यालयमा रिक्त दरवन्दी, राहत शिक्षक र कर्मचारी पदमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था देहायबमोजिमको छनौट समितिबाट हुनेछ।

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष –संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा अधिकृत –सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

(२) शिक्षक सेवा आयोगले करार सूचीका लागि तोकेको उम्मेदवारहरूमध्येबाट सो रिक्त पदमा प्राथमिकताका आधारमा छनौट समितिले छनौट गर्ने।

(३) उपदफा (२) बमोजिम नभएमा गाउँपालिकामा सूचीकृत भएका रोस्टरमा रहेका विज्ञहरूमध्येवाट छनौट समितिले गोलाप्रथावाट दुईजना विज्ञ छनौट गरी लिखित, अन्तर्वार्ता तथा आवश्यकतानुसार प्रयोगात्मक परीक्षा लिई छनौट गर्नुपर्नेछ।

(४) समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरेबमोजिम हुनेछ।

२५. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः (१) सामुदायिक विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवा, सर्त र सुविधा सम्बन्धी व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुला लेखिएको भए तापनि गाउँपालिकाले प्रधानाध्यापक नियुक्ति तथा व्यवस्थापनका लागि आवश्यक कानून बनाइ लागु गर्न सक्नेछ।

२६. शिक्षकको सरुवाः (१) शिक्षक सरुवा सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम शैक्षिक गुणस्तर सुधारको लागि एकै विद्यालयमा तीन बर्ष सेवा अवधि पुगेका शिक्षक कर्मचारीहरूलाई गाउँ शिक्षा समितिले सम्बन्धित विद्यालयको सहमति बेगर पनि गाउँ क्षेत्र भित्रको अन्य विद्यालयमा सरुवाका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिसका आधारमा प्रमुख प्रशासकीय अधिकृतले विषय मिल्दो विद्यालयमा शिक्षकको सरूवा गर्नुपर्नेछ।

२७. दरवन्दी मिलानः (१) विद्यार्थी सङ्ख्याका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलान गर्नुपर्नेछ।

२८. शिक्षकको स्थायी नियुक्ति र बढुवासम्बन्धी व्यवस्थाः हालका स्वीकृत दरवन्दीमा शिक्षकहरूको स्थायी नियुक्ति तथा बढुवा सम्बन्धी व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ। स्थानीय तहबाट नियुक्ती पाएका शिक्षकहरूको सेवा सर्त तथा बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्थाः शिक्षकलाई संघीय, प्रादेशिक तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ।

३०. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाईने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

## परिच्छेद–५

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

३१. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षा कोठा, खेल मैदान कम्पाउन्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी,

फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाइमैत्री वातावरण हुनु पर्नेछ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्नेछ।

(३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको वितरण, मापदण्ड निर्धारण गरी आवश्यकता र प्राथमिकताका आधारमा तोकिएबमोजिम हुनेछ।

३२. विद्यालयको सम्पत्तिः (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति वडा कार्यालयको सिफारिसमा गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानूनबमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँ शिक्षा विकास कोषमा जम्मा गर्नेछ।

(२) शैक्षिक गुठीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनुपर्ने छ तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट पूर्व स्वीकृति लिनुपर्नेछ।

(५) विद्यालयले चल अचल सम्पत्ति वेचविखन गर्दा गाउँ कार्यपालिकाको अनुमति वेगर वेच्न पाइने छैन।

३३. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सोही विद्यालय कै नाममा रहनेछ। सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले भोग चलन गर्नसक्नेछ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सोही विद्यालयको व्यवस्थापन समिति र स्थानीय सरकारको हुनेछ।

३४. पाठ्यक्रम र पाठ्यपुस्तकः (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ।

(२) आफ्ना क्षेत्र भित्रका विद्यालयलाई आवश्यक पर्ने पाठय् पुस्तकहरूको संख्या सम्बन्धित विद्यालयले ताकिएको समय सीमा भित्र माग गनुर्पर्नेछ।

(३) शैक्षिक सत्र शुरु हुनु अगावै गाउँ शिक्षा समितिले सम्बन्धित निकायहरूमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क चार क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ।

(५) विद्यालयमा बहु पाठ्यपुस्तक लागु हुनेछ।

(६) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्वध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध हुनुपर्नेछ।

३५. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालनः (१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्नसक्ने छ ।

(२) विद्यालयले स्काउट, रेडक्रस, बालक्लव, ईकोक्लब तथा वातावरण मैत्री क्लवहरू गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद् प्रतियोगिता, साहित्यिक, कला संस्कृति तथा बहुप्रतिभामुखी क्रियाकलापहरू सञ्चालन गर्न सक्नेछ।

(३) सह तथा शैक्षिक क्रियाकलाप सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद–६

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्यान र नियमनसम्बन्धी व्यवस्था

३६. संस्थागत विद्यालय सञ्चालन गर्न अनुमति र स्वीकृति लिनुपर्नेछ।

३७. संस्थागत विद्यालयको व्यवस्थापन समितिः (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

(क) विद्यालयको संस्थापक मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा वडा शिक्षा समिति मार्फत गाउँशिक्षा समितिबाट मनोनित –अध्यक्ष

(ख) अभिभावक मध्येबाट कम्तीमा एकजना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना –सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एकजना –सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा शिक्षा अधिकृत –सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफू मध्येबाट छानी पठाएको एकजना – सदस्य

(च) विद्यालयका प्रधानाध्यापक –सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा शाखा प्रमुखलाई आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा वडा शिक्षा समितिको सिफारिसमा गाउँशिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नुअघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन।

३८. संस्थागत विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः संस्थागत विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः देहायबमोजिम हुनेछ।

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समिति मार्फत गरी न्यूनतम तलब, सेवा र सुविधा तोक्ने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने।

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिएबमोजिम गर्ने।

(ट) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम गर्ने,

(ठ) लेखा परीक्षण गराई अनिवार्य रूपमा बार्षिक प्रतिवेदन वडा शिक्षा समिति र गाउँशिक्षा समितिमा पेस गर्ने,

(ड) शिक्षक कर्मचारी तथा विद्यार्थीको आचारसंहिता बनाई लागु गर्ने।

(ढ) न्यूनतम पारिश्रमिक आयोगले तोके वमोजिन हुनेछ।

(ण) भर्ना शुल्क र अन्य शुल्क कम्तिमा ६५ प्रतिशत अभिभावकहरूको भेलावाट निर्णय गराई स्वीकृति गर्नुपर्नेछ।

३९. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दस प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम जेहेन्दार, अति विपन्न, अपाङ्गता भएका, छात्रा, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ।

(३) समितिले छनौटका लागि आधार, सर्त र प्रक्रिया तयार गरी सोही विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नुपर्नेछ।

(४) समितिले छात्रवृत्तिका लागि छनौटको नतिजा आधारसहित सार्वजनिक गर्नुपर्नेछ।

(५) संस्थागत विद्यालयले प्रत्येक वर्ष प्रदान गरेको छात्रवृत्तिको कोटा शिक्षा शाखामा पेस गर्नुपर्नेछ।

४०. अनुगमन तथा मूल्याङ्कनः संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ।

४१. अनुमति वा स्वीकृति रद्द गर्नेः कुनै संस्थागत विद्यालयले यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँ कार्यपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नसक्नेछ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन।

## परिच्छेद ७

## परीक्षा सञ्चालन तथा व्यवस्थापन

४२. आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापनः (१) आधारभूत तहका कक्षा ८ को अन्तिम तथा बाह्य परीक्षालाई गाउँपालिकाको क्षेत्रभर मर्यादित व्यवस्थित तरीकाले एकरुपताका साथ सञ्चालन गर्न तपसिलको आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष

(ख) सामुदायिक विद्यालयका आधारभूत तह (६–८) सञ्चालित प्रधानाध्यापकहरू मध्येबाट समितिबाट मनोनित दुई जना – सदस्य

(ग) संस्थागत विद्यालयका प्रधानाध्यापक वा संस्थापक मध्येबाट समितिबाट मनोनित एक जना – सदस्य

(घ) शाखा प्रमुख – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा सम्बन्धित विषयका विशेषज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ।

(३) सदस्यहरूले पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा हटाउन सकिनेछ तर हटाउनु अघि निजलाई सफाइको मौकाबाट बञ्चित गरिनेछैन।

(४) समितिको बैठक भत्ता गाउँ कार्यपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ।

(५) मनोनित सदस्यहरूको कार्यकाल तीन वर्षको हुनेछ।

## परिच्छेद–८

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन

४३. विद्यालय विकास कोषः (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सोही कोषमा दाखिला हुनेछ।

(क) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र सामाजिक लेखा परीक्षण प्रचलित कानूनबमोजिम हुनेछ।

४४. अनुदानको व्यवस्थाः (१) यो ऐन प्रारम्भ हुँदाका बखत गाउँपालिकाबाट दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको मापदण्डका आधारमा सामुदायिक विद्यालयलाई अनुदान दिन सकिनेछ।

(२) सामुदायिक विद्यालयहरूलाई तोकिएबमोजिम शिक्षक व्यवस्थापनका लागि अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(३) तोकिएको शैक्षिक गुणस्तर कायम गर्न नसकेमा उपदफा (१) र (२) बमोजिमको अनुदान प्रमुख प्रशासकीय अधिकृतले जुनसुकै बखत कटौती गर्न सक्नेछ।

४५. लेखा व्यवस्थापनः (१) सबै विद्यालयहरूले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्नेछ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न माध्यमिक तहको विद्यालयका लागि प्रधानाध्यापक र कर्मचारी, आधारभूत तह १-८ का लागि प्रधानाध्यापक र कर्मचारी वा शिक्षक तथा आधारभूत तह १-५ का लागि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षवाट खाता सञ्चालन गरी लेखा व्यवस्थापन गर्नुपर्नेछ।

४६. लेखा परीक्षण तथा सामाजिक परीक्षणः (१) सबै विद्यालयहरूले नियमित रूपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ कार्यपालिकामा सूचिकृत रजिष्टर्ड लेखा परीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ।

(२) लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँ कार्यपालिकामा पेस गर्नुपर्नेछ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षणमार्फत सार्वजनिक तथा अनुमोदन गर्नुपर्नेछ।

(४) सामाजिक परीक्षण सँगै विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजासहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावकसमक्ष पेस गरी पृष्ठपोषण लिनुपर्नेछ।

४७. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः गाउँपालिकाले विद्यार्थीलाई तोकिएबमोजिमको मापदण्ड निर्धारण गरी छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

४८. शुल्क तथा सहयोगबाट प्राप्त रकमः (१) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउनेछैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले विद्यालयको विकासका लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ। यसका साथै कुनै अभिभावकले आफ्नो खुसीराजीले आफ्नो सन्ततिका लागि शिक्षण शुल्क, खेलकुद् शुल्क, मनोपरामर्श शुल्क, परीक्षा शुल्कलगायत अन्य शुल्कहरू दिन ईच्छा गरेमा विद्यालयले लिन सक्नेछ तर त्यस्तो शुल्कको सदुपयोगको सुनिश्चितता गरिनेछ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिए बमोजिम निर्धारण गर्न सकिनेछ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसके पछि पुनः सोही कक्षाको अर्को विद्यालयमा कुनै किसिमको शुल्क लिन पाइनेछैन।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउनेछैन।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले जरिवाना गर्नसक्नेछ।

४९. विद्यालयलाई छुट र सुविधाः (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्नेछैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा स्थानीय सरकारले तोकिएको आधारमा रजिष्ट्रेसन दस्तुर छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ९

## प्राविधिक तथा व्यवसायिक शिक्षा

५०. प्राविधिक र व्यवसायिक शिक्षाः (१) गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ।

(३) गाउँपालिकाले प्राविधिक तथा व्यवसायिक विषयको कक्षा सञ्चालनका लागि अनुमति दिंदा तोकिएको मापदण्ड वमोजिम नदोहोरिने गरी विषय सिफारिस गर्नुपर्नेछ।

(४) सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालनका लागि चाहिने शिक्षक कर्मचारीको व्यवस्था गाउँपालिकाले गर्न सक्नेछ।

(५) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(६) प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा संचालन प्रक्रिया तोकिएको मापदण्ड वमोजिम हुनेछ।

## परिच्छेद १०

## विविध

५१. विद्यालयको विनियमः (१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक भेलाबाट पारित गराई लागू गर्नुपर्नेछ।

(२) अभिभावक भेलाले विनियम आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिन भित्र व्यवस्थापन समितिले गाउँपालिकामा पेस गर्नुपर्नेछ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ।

५२. गाउँपालिकाले निर्देशन दिनसक्नेः (१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू विद्यालय व्यवस्थापन समितिलाई दिनसक्नेछ

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

५३. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नुपर्नेः (१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछ।

५४. विधार्थी भर्ना सम्वन्धी व्यवस्थाः सामुदायिक विद्यालयहरूले आफ्नो सेवाक्षेत्र भित्रका वालवालिकाहरूलाई अनिवार्य रूपमा विद्यालयमा भर्ना गर्नुपर्नेछ।

५५. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइनेछैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइनेछैन।

५६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः (१) कसैले पनि यस ऐनबमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्न पाउनेछैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिनेसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

५६. प्रगति विवरण बुझाउनु पर्नेः संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिएबमोजिमका विवरण सहितको प्रगति विवरण वडा शिक्षा समिति र गाउँ शिक्षा समितिमा बुझाउनु पर्नेछ।

५७. शिक्षा विकास कोषः (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यालय व्यवस्थापन समितिका अध्यक्ष,विद्यार्थी, शिक्षक, कर्मचारीलाई पुरस्कृत गर्न गाउँ शिक्षा विकास कोष स्थापना गरिनेछ।

(२) कोषमा देहायबमोजिमको रकम जम्मा हुनेछ।

(क) संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम

(३) कोषको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखाको कर्मचारीको संयूक्त दस्तखतबाट हुनेछ।

५८. दण्ड सजायः (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्नसक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोके बमोजिम सजाय हुनेछ।

(क) प्रश्नपत्रको गोपनीयता भंग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रसँग सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भंग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई मन्टेश्वरी कक्षा, कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, ट्युसन, कोचिङ्ग सेन्टर, कम्प्युटर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) कानून विपरीतको अन्य कार्य गरेमा।

(३) कानून बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको टुङ्गो नलागेसम्म कानुन बमोजिम निलम्बन हुन सक्नेछ र शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई कानुनले तोके बमोजिम विभागीय सजाय गरिनेछ।

५९. पुनरावेदनको अधिकारः तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

६०. नियम, निर्देशिका, मापदण्ड र कार्यविधि बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रही आवश्यक नियमावली, निर्देशिका मापदण्ड र कार्यविधि बनाउन सक्नेछ।

६१. संक्रमणकालीन व्यवस्थाः यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको कामकारबाही नियम, निर्देशिका, मापदण्ड र कार्यविधि नबन्दासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

६२. बाधा अडकाउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा–अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर यस्तो आदेश गाउँ सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निस्क्रिय हुनेछ।

६३. खारेजी, बचाउ र लागू नहुनेः (१) चिङ्गाड गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ र चिङ्गाड गाउँपालिकाको शिक्षा ऐन, २०७४ खारेज गरिएको छ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन।

(३) प्रचलित कानूनसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ।

(४) यो ऐन प्रारम्भ हुनु भन्दा अगाडि भए गरेका शिक्षा सम्बन्धी काम कारवाहीहरू यसै ऐन बमोजिम भएको मानिने छ।

आज्ञाले
सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत